शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

# शहिद लखन गाउँपालिका

# सार्वजनिक सम्पत्ती संरक्षण कार्यविधि,

# २०७६

प्रमाणित

२०७६/०८/११

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

## शहिद लखन गाउँपालिका

## सार्वजनिक सम्पत्ती संरक्षण कार्यविधि, २०७६

**प्रस्तावना:** नेपालको संविधानले आफ्नो स्थानीय तहको कार्यक्षेत्र भित्र रहेको सार्वजनिक सम्पत्तीको संरक्षण गर्ने दायित्व प्रदान गर्नुका साथै स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १३ गाउँ पालिकाको काम कर्तव्य र अधिकार अर्न्तगत नियम (ट) (क) ले दिएको अधिकार प्रयोग गरी सार्वजनिक सम्पत्तीको संरक्षण तथा व्यवस्थापन गर्न बाञ्छनीय देखिएकाले शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाले निर्णय गरी यो कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** १) यस कार्यविधिको नाम सार्वजनिक सम्पत्ती संरक्षण कार्यविधि २०७६ रहेको छ ।

२) यो कार्यविधि शहिद लखन गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

३) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृती भए पछि तुरुन्तै लागु हुनेछ ।

### परिच्छेद २

### परिभाषा

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अथ नलागेमा यस कायविधि संझनु पर्छ :

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्छ ।

ख) "गाउँपालिका" भन्नाले शहिद लखन गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा कार्यालय" भन्नाले शहिद लखन गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

घ) "सार्वजनिक सम्पत्ती" भन्नाले शहिद लखन गाउँपालिका भित्र रहेका विद्यालय, मठ, मन्दिर, व्यक्तिको भोगचलन वाहेकका जग्गा जमिन तथा चल अचल सम्पत्तीलाई सम्झनु पर्दछ ।

ङ) "संरक्षण समिति" भन्नाले शहिद लखन गाउँपालिका भित्रका सार्वजनिक सम्पत्ती संरक्षण गर्न वनेको समिति सम्झनु पर्दछ ।

च) "संयोजक" भन्नाले सार्वजनिक सम्पत्ती संरक्षण समितिको संयोजकलाई सम्झनु पर्दछ ।

### परिच्छेद ३

### उद्देश्य

**३. यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहका छन् :**

१) सार्वजनिक सम्पतीको पहिचान गर्ने ।

२) गाउँपालिका भित्रका सार्वजनिक सम्पतीको अभिलेख राख्ने ।

३) गाउँपालिका भित्रका सार्वजनिक सम्पत्तीको परिचालन, उपयोग, प्रर्वद्धन एवं विकास गर्ने ।

४) यस गाउँपालिका भित्रका सार्वजनिक सम्पत्तीको संरक्षण तथा व्यवस्थापन गर्ने ।

५) सार्वजनिक सम्पत्तीको अतिक्रमण हुनबाट जोगाउने ।

६) विवाद भएका सार्वजनिक सम्पत्तीको विवाद [illegible] सहजीकरण गर्ने ।

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थैरङ, गोरखा २०७३

२०७६।०८।१८

जीवन बहादुर आले मगर

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ४
## समिति सम्बन्धि व्यवस्था

**४. सार्वजनिक सम्पत्ती संरक्षण गर्नका लागि देहाय बमोजिमको एक सार्वजनिक सम्पत्ती संरक्षण निर्देशिक समिति रहनेछ ।**

| | |
|---|---|
| क) गाउँपालिकाको अध्यक्ष | संयोजक |
| ख) गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| ग) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ) सम्वन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| ङ) गाउँ कार्यपालिका सदस्यहरु मध्येबाट गाउँकार्यपालिकाले तोकेको १ जना जना महिला सहित २ जना सदस्य | सदस्य |
| च) प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

**५. निर्देशिक समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :**

क) गाउँपालिका भित्रका सार्वजनिक सम्पत्तीको संरक्षण सर्वद्धन तथा व्यवस्थापन गर्ने वा गर्न लगाउने ।

ख) सार्वजनिक सम्पत्तीको पहिचान गरी अभिलेखिकरण गर्ने वा गर्न लगाउने ।

ग) सार्वजनिक सम्पत्तीको अतिक्रमण हुनवाट जोगाउने ।

घ) सार्वजनिक सम्पत्तीमा भएको विवादमा संरक्षण समितिसंग आबश्यक राय माग गर्ने ।

ङ) संरक्षण समितिको राय माथि पुनर्विचार गर्ने र अन्तिम निर्णय दिने ।

६. निर्देशक समितिले आवश्यकता ठानेमा अन्य विशेषज्ञसँग परामर्श लिन सक्ने छ वा त्यस्ता व्यक्तिलाई केही समयका लागि करारमा लिन वा नियुक्त गर्न सक्नेछ ।

**७. गाउँपापालिका भित्रका सार्वजनिक सम्पतीको संरक्षण गर्न देहाय वमोजिम एक " सार्वजनिक सम्पत्ती संरक्षण समिति" हुनेछः**

| | |
|---|---|
| क) सम्वन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| ख) सम्बन्धित वडाको वडा अध्यक्षवाट मनोनित १ जना महिला वडा सदस्य सहित २ जना | सदस्य |
| ग) सम्वन्धित भौगोलिक क्षेत्र हेर्ने प्रहरी चौकी प्रमुख | सदस्य |
| घ) सम्वन्धित शाखाका शाखा प्रमुख | सदस्य सचिव |

**स्पष्टिकरणः** सम्वन्धित शाखा भन्नाले विषयगत शाखासँग सरोकार राखेमा विषयगत शाखा र अन्यको हकमा प्रशासन शाखाका प्रमुख सदस्य सचिव हुनेछ ।

**८. सार्वजनिक सम्पत्ति समितिको काम कर्तब्य र अधिकार देहाय वमोजिम रहनेछ :**

क) आफ्नो वडा भित्रका सार्वजनिक सम्पत्तीको पहिचान गरी अभिलेखीकरण गर्ने ।

ख) वडा भित्रको सार्वजनिक सम्पत्तीको व्यवस्थापन गर्ने ।

ग) सार्वजनिक सम्पत्तीको अतिक्रमण, दुरुपयोग, हुन नदिने ।

घ) विवादस्पद स्थानमा प्रत्यक्ष उपस्थित भई निर्णय दिने र सो बिबादको विषयमा समितिमा एक मत नभएमा निर्देशक समितिमा बहुमत सदस्यको राय पेश गर्ने ।

ङ) सार्वजनिक सम्पत्ती माथि कसैको गुनासो परेमा त्यसको सुनुवाई गर्ने ।

च) यसरी सम्पादन गरिएका सवै कामको प्रतिवेदन निर्देशक समितिमा सम्प्रेषण गर्ने ।

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थैलङ, गोरखा २०७३

२०८३/०४/१८

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

९. सार्वजनिक सम्पत्ती संरक्षण समितिले कार्य सम्पादनका बखत आवश्यकता ठानेमा समितिको निणर्यले निर्देशक समिति समक्ष आवश्यक छलफल तथा विषय विज्ञ माग गर्न सक्नेछ ।

## परिच्छेद ४

## सार्वजनिक सम्पत्तीको व्यवस्थापन

१०. **सार्वजनिक सम्पत्तीको ब्यबस्थापन गर्न सकिने :** आफ्नो वडा भित्रको सार्वजनिक सम्पत्तीको ब्यबस्थापन गर्न कुनै संघ संस्थालाई दिन उपयुक्त छ भन्ने लागेमा सार्वजनिक सम्पत्ती संरक्षण समितिको बहुमत सदस्यको निर्णयले निर्देशक समितिमा आफ्नो राय पठाउन सक्नेछ । त्यसरी राय प्राप्त भएको १५ दिन भित्र निर्देशक समितिले सो सम्बन्धमा आफ्नो निर्णय संरक्षण समितिमा पठाउनु पर्नेछ । यसरी निर्णय प्राप्त भए पछि आफ्नो वडा भित्रका सार्वजनिक सम्पत्ती ब्यबस्थापनका लागि सार्वजनिक सम्पत्ती संरक्षण समितिले संरक्षण तथा व्यवस्थापनको जिम्मेवारी प्रदान गर्ने निर्णय भएको संघ संस्थालाई जिम्मेवारी दिनु पर्नेछ ।

११. **प्राथमिकीकरण गर्नु पर्ने** : आफ्नो वडा भित्रको सार्वजनिक सम्पत्तीको ब्यबस्थापनको जिम्मेवारी दिनु भन्दा अघि सार्वजनिक सम्पत्ती संरक्षण समितिले १५ दिने सूचना प्रकाशन गरी देहाय बमोजिमको प्राथमिकताका आधारमा संरक्षणको जिम्मेवारी प्रदान गर्ने संघ संस्थाको छनौट गर्नु पर्नेछ ।

क) जिम्मेवारी लिने संस्था सकभर सम्बन्धित वडाको हुनुपर्नेछ ।
ख) जिम्मेवारी लिने संस्था सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ ।
ग) जिम्मेवारी लिने संस्था कुनै कालो सुचीमा नपरेको हुनुपर्नेछ ।
घ) जिम्मेवारी लिने संस्था को नियमित क्रियाकलाप (साधारण सभा, लेखापरीक्षण) भएको हुनुपर्नेछ ।
ङ) महिला सशक्तिकरण, युवा जागरण सम्बन्धि काम गर्ने संघ संस्थालाई पहिलो प्राथकिता दिनु पर्नेछ ।
च) जिम्मेवारी लिने संस्थालें सो सार्वजनिक संस्थाको सम्पूर्ण दायित्व र जिम्मेवारी बहन गर्नु पर्नेछ ।

१२. **करारनामा गर्नु पर्ने :** माथि जेसुकै भनिएता पनि सार्वजनिक सम्पत्ती संरक्षणका लागि जिम्मेवारी प्रदान गर्दा सर्त सहित अबधि खुलाएर दिनुपर्ने छ ।

## परिच्छेद ५

## विविध

१३. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. **वाधा अड्काउ फुकाउ:** यो कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ आइपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१५. **थप घट तथा हेरफेर:** यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले थप घट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोरखा
२०७३

२०७८।०८।१८
जीवन बहादुर आले
प्रमुख प्रशासकीय अधिकृत

२०७६।०५।१९
मिति गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको ब्यहोरा प्रमाणित गर्दछु ।

नामः जीवन बहादुर आले मगर

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः २०७६।५।१९

प्रमाणिकरण मितिः २०७६।०५।१९

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोरखा
२०७३